# पाठ २०

# यूहन्ना २०

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

रित्तो चिहान
मरियम मग्दलिनीकहाँ येशू देखा पर्नुभएको
चेलाहरूकहाँ येशू देखा पर्नुभएको
येशू र थोमा
यस पुस्तकको उद्देश्य

## रित्तो चिहान

यूहन्ना २०:१-१० पढ्नुहोस्।

येशू क्रूसमा चढ़ाइनुभन्दा पहिले उहाँले आफ्ना चेलाहरूलाई भनिसक्नुभएको थियो कि उहाँलाई मृत्युदण्ड दिइनेछ। उहाँले तिनीहरूलाई यस कुराको जानकारी पनि दिनुभयो कि उहाँ फेरि



जीवनमा फर्किआउनुहुनेछ। तर येशू मर्नुभएपछि, चेलाहरूले उहाँको पुनरुत्थानको बारेमा उहाँले तिनीहरूलाई भन्नुभएको कुरालाई तिनीहरूले याद नगरेकोजस्तो देखिन्छ।

अरू सुसमाचार लेखकहरूबाट हामी सिक्छौं कि येशूलाई राखिएको चिहानमा मरियम मग्दलिनीसँग अरू केही स्त्रीहरू पनि गएका थिए। तिनीहरूको चलनअनुसार मृत शरीरमा सुगन्धित मसलाहरू राख्नका लागि तिनीहरू त्यहाँ गएका थिए। चिहानको मुखमा राखिएको ठूलो ढुङ्गो हटाइएको तिनीहरूले देखे। चिहानचाहिँ रित्तो थियो! यस बारेमा चेलाहरूलाई भन्नका लागि मरियम छिटो-छिटो दौडिन्। अरू स्त्रीहरू चिहानको नजीकै बसिरहेको बेलामा येशू फेरि जीवित हुनुभएको कुरा स्वर्गदूतले तिनीहरूलाई बताइदिए।

पत्रुस र यूहन्ना आफै नै त्यस घटनालाई हेर्न दौडेर गए। येशूको शरीरलाई छोपिएको लुगाबाहेक चिहानभित्र अरू कुराहरू नभएको तिनीहरूले देखे। येशूका शत्रुहरूले उहाँको शरीरलाई

चोरे होलान् भनी मरियमले विचार गरिन्। तर पत्रुस र यूहन्नालाई थाहा थियो कि मृत शरीरमा बाँधिएको कपडालाई फुकाउने र येशूको टाउकोमा बाँधिएको कपडालाई सफासँग पटयाउने समय चोरहरूसँग थिएन। येशूलाई के भयो त? विचार गर्दै तिनीहरू आफू बसेको घर यरूशलेममा फर्के।

## तपाईंको अभ्यासको निम्ति

१ येशू गाडिनुभएको चिहानमा मरियम मग्दलिनी किन गएकी थिइन्?

क. येशू साँच्चै नै मर्नुभएको हो कि भनी तिनी हेर्न चाहन्थिन्।
ख. तिनी येशूको मृत शरीरमा सुगन्धित मसला राख्न चाहन्थिन्।
ग. तिनी बगैंचेसँग कुराकानी गर्न चाहन्थिन्।

२ तिनी चिहानमा पुग्दा तिनले के भेट्टाइन्?

क. चिहान खोलिएको र रित्तो थियो।
ख. योसेफ र निकोदेमसले मृत शरीरलाई अभिषेक गरिरहेका थिए।
ग. येशूका शत्रुहरूले उहाँको मृत शरीर चोरेर लगेका थिए।

३ पत्रुस र यूहन्ना चिहानमा जाँदा तिनीहरूले के देखे?

क. तिनीहरूले सिपाहीहरूलाई देखे र भएको घटनाको बारेमा सोधपूछ गरे।
ख. तिनीहरूले बगैंचेलाई देखे र उहाँको मृत शरीर कहाँ राखिएको छ भनी सोधे।
ग. तिनीहरूले येशूको कात्रोलाई रित्तो चिहानमा देखे।

## मरियम मग्दलिनीकहाँ येशू देखा पर्नुभएको

यूहन्ना २०:११-१८ पढ्नुहोस्।

कहिलेकहीँ मानिसहरू आफूले प्रेम गरेको व्यक्तिको मृत्युमा यति धेरै निराश हुन्छन् कि तिनीहरू परमेश्वरको वचनलाई विश्वास नगर्नेहरूजस्ता देखिन्छन्। चिहानमा अरू स्त्रीहरूलाई स्वर्गदूतहरूले दिएको सन्देश, अर्थात् येशू जीवित हुनुहुन्छ भन्ने सुसमाचारले पनि चेलाहरू वा मरियममा विश्वासको प्रकट नभएको जस्तो देखिन्छ। येशू साँच्चै जीवित हुनुहुन्छ भनी जान्न तिनीहरूले येशूलाई व्यक्तिगत रूपमा भेट्नु आवश्यक थियो।

येशू हामीकहाँ आउनुहुन्छ र उहाँ जीवित हुनुहुन्छ भन्ने कुरा हामीलाई थाहा दिनुहुन्छ। उहाँले हाम्रा आँसुहरूलाई आनन्दमा परिणत गर्नुहुनेछ। अनि अरूहरूसँग सुसन्देश बाँड्नका लागि मरियम मग्दलिनीलाई झैं उहाँले हामीलाई पठाउनुहुन्छ। स्त्री र पुरुष सबैलाई यो सुसन्देश बाँड्ने जिम्मेवारी दिइएको छ। बौरिउठ्नुभएका ख्रीष्टलाई देख्ने र उहाँको सन्देश प्राप्त गर्नेमा मरियम प्रथम थिइन्।

### तपाईंको अभ्यासको निम्ति

४ बगैंचामा मरियम भएकी ठाउँमा येशू आउनुभएपछि उहाँले तिनलाई के भन्नुभयो?

**क**. नरोऊ।
**ख**. घरमा फर्केर जाऊ।
**ग**. गएर चेलाहरूलाई सन्देश सुनाइदेऊ।

## चेलाहरूकहाँ येशू देखा पर्नुभएको

यूहन्ना २०:१६-२३ पढ्नुहोस्।

त्यसै दिन येशूले आफूलाई चेलाहरूकहाँ प्रकट गर्नुभयो। येशूका शत्रुहरूले अब आफूलाई आक्रमण गर्नेछन् भन्ने डरले तिनीहरू घरभित्र लुकेर बसेका थिए। तिनीहरूले येशूलाई देख्दा, उहाँ फेरि जीवित हुनुभएको कुरामा तिनीहरूले विश्वास नै गर्न सकेनन्। येशूले तिनीहरूलाई आफ्ना हातहरू र कोखा देखाउनुभयो र यो उहाँ नै हुनुहुन्छ र प्रेत होइन भनी उहाँले तिनीहरूलाई भन्नुभयो। उहाँ फेरि जीवित हुनुभएको देख्दा तिनीहरू अति नै आनन्दित भए।

पिताले उहाँलाई पठाउनुभएझैं उहाँले पनि तिनीहरूलाई पठाउँदै हुनुहुन्छ भनी येशूले तिनीहरूलाई फेरि भन्नुभयो। उहाँले तिनीहरूलाई दिनुभएको कामको निम्ति तिनीहरूलाई विशेष सहायताको आवश्यकता थियो र तिनीहरूले पवित्र आत्मा पाउनेछन् भनी उहाँले तिनीहरूलाई भन्नुभयो। लूकाको सुसमाचार र प्रेरितको पुस्तकबाट हामी सिक्छौं कि करीब पचास दिनपछि पेन्तिकोसको दिनमा चेलाहरूले पवित्र आत्मा पाएका थिए। परमेश्वरको सेवामा प्रयोग हुन चाहने नयाँ जन्म पाएका ख्रीष्टियानहरूलाई आज पनि येशूले पवित्र आत्माले भर्नुहुन्छ।

मानिसहरूले उद्धार पाउँछन् वा पाउँदैनन् भन्ने कुराको निर्णय चेलाहरूले येशूको आज्ञाको कसरी पालन गर्छन् भन्ने कुरामा भर पर्ने थियो। यदि तिनीहरू बाहिर गएर सुसमाचार प्रचार गरे भने, पापीहरूले सुन्नेछन् र आफ्ना पापहरूबाट पश्चात्ताप गर्नेछन्, र क्षमा पाउनेछन्। तर यदि विश्वासीहरू सुसमाचार लिएर गएनन् भने, पापीहरूले उद्धारको मार्गलाई

कहिल्यै जान्न सक्नेछैनन्। तिनीहरूका पापहरूको क्षमा हुनेछैन, किनकि क्षमा पाउनको निम्ति कसरी प्रार्थना गर्नुपर्छ भन्ने विषयमा तिनीहरूलाई थाहा नै छैन। हामी ख्रीष्टियान भएपछि हामीले अरूहरूलाई येशूका बारेमा बताउनैपर्छ। यदि हामीले पुनरुत्थान हुनुभएका ख्रीष्टलाई चिनेका छौं, र यदि हामी पवित्र आत्माद्वारा भरिएका छौं भने, उद्धार पाउनका निम्ति हामीले अरूहरूलाई पनि अवश्य सहायता पुऱ्याउन सक्नेछौं।

**तपाईंको अभ्यासको निम्ति**

**५** येशूले चेलाहरूलाई के भन्नुभयो?

**क.** तिनीहरू लुक्नुपर्छ।

**ख.** पिताले उहाँलाई पठाउनुभएझैं, उहाँले तिनीहरूलाई पठाउँदै हुनुहुन्थ्यो।

**ग.** तिनीहरू घरमा नै फर्केर जानुपर्छ।

**६** उहाँले तिनीहरूलाई गर्नको निम्ति दिनुभएको काममा विशेष सहायता पुऱ्याउनका लागि उहाँले के कुराको प्रतिज्ञा गर्नुभयो?

**क.** सुसमाचार प्रचार गर्नका लागि उहाँले तिनीहरूलाई रुपियाँपैसा दिनुहुनेछ।

**ख.** उहाँले तिनीहरूलाई आनन्द दिनुहुनेछ; तिनीहरूले कहिल्यै पनि वेदना सहनुपर्ने छैन।

**ग.** उहाँले तिनीहरूलाई पवित्र आत्मा दिनुहुनेछ।

**७** तिनीहरूले मानिसहरूलाई पापबाट कसरी उद्धार गर्न सक्छन्?

**क.** तिनीहरूका पापहरू क्षमा दिएर।

**ख.** सुसमाचार प्रचार गरेर।

**ग.** मैन बत्ती बालेर।

## येशू र थोमा

यूहन्ना २०:२४-२९ पढ्नुहोस्।

अरू चेलाहरूले देखेका कुरामा थोमाले विश्वास नै गर्न सकेनन्। उनले तिनीहरूको अनुभवलाई शङ्का गरे र उनी आफैले देख्नुपर्ने कुरा बताए।

ख्रीष्टियानहरू छलमा परेका छन् भनी आज धेरै मानिसहरूले विश्वास गर्छन्। तिनीहरूले आफ्नो निम्ति पत्ता लगाउनु आवश्यक छ। यदि तिनीहरू साँच्ची नै ईमानदार छन् भने, तिनीहरूले यसरी प्रार्थना गर्नुपर्छः "प्रभु येशू, यदि तपाईं जीवित हुनुहुन्छ भने, आउनुहोस् र म तपाईंलाई चिन्न सकूँ। उहाँले आफैलाई तिनीहरूकहाँ प्रकट गर्नुहुनेछ। तिनीहरूले आफ्ना आँखाले त उहाँलाई नदेख्लान्, उहाँले तिनीहरूका आत्मामा बोल्नुहुनेछ। तब थोमाजस्तै तिनीहरूले भन्न सक्छन्ः "मेरा प्रभु र मेरा परमेश्वर!"

> "येशूले तिनलाई भन्नुभयो, तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ? धन्य हुन्, तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन्!" (यूहन्ना २०:२९)।

**तपाईंको अभ्यासको निम्ति**

८ थोमाले येशूलाई देखेपछि उनले के भने?

**क.** "म यसलाई विश्वास गर्दिनँ।"
**ख.** "तपाईं ठीक हुनुहुन्थ्यो।"
**ग.** "मेरा प्रभु र मेरा परमेश्वर।"

## यस पुस्तकको उद्देश्य

यूहन्ना २०:३०-३१ पढ्नुहोस्।

येशूले गर्नुभएका र भन्नुभएका अचम्मका कुराहरू जसलाई यूहन्नाले देखेका र सुनेका थिए, येशू नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी जान्न र बुझ्नका लागि सहायता पुऱ्याउन उनले सुसमाचार लेखेका थिए।

> "तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, खीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्" (यूहन्ना २०:३१)।

### तपाईंको अभ्यासको निम्ति

**९** यूहन्ना २०:३१ कण्ठ गर्नुहोस्।

**१०** यूहन्नाको सुसमाचारको उद्देश्य के हो?

**क.** येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी हामीलाई जानकारी दिनु।
**ख.** येशूले गर्नुभएका सबै कुराहरू बताउनु।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

५ ख) पिताले उहाँलाई पठाउनुभएझैं, उहाँले तिनीहरूलाई पठाउँदै हुनुहुन्थ्यो।

१ ख) तिनी येशूको मृत शरीरमा सुगन्धित मसला राख्न चाहन्थिन्।

६ ग) उहाँले तिनीहरूलाई पवित्र आत्मा दिनुहुनेछ।

२ क) चिहान खोलिएको र रित्तो थियो।

७ ख) सुसमाचार प्रचार गरेर।

३ ग) तिनीहरूले येशूको कात्रोलाई रित्तो चिहानमा देखे।

८ ग) "मेरा प्रभु र मेरा परमेश्वर!"

४ ग) गएर चेलाहरूलाई सन्देश सुनाइदेऊ।

१० क) येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी हामीलाई जानकारी दिनु।

## टिप्पणीहरू